मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८२/८३
च.नं.

**मुल्य श्रृंख्लामा आधारित व्यवसायिक फलफूल र आँप खेती प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्यनको सूचना ।**

**प्रथम पटक प्रकाशन मितिः- २०८२।०७।२६ गते**

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **मुल्य श्रृंख्लामा आधारित व्यवसायिक फलफूल र आँप खेती प्रवर्द्धन कार्यक्रम** संचालनका लागि कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरुले माग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले ३० औं दिन भित्र (मिति २०८२/०८/२५ गते सम्म) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका **आवश्यक** कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

<u>कार्यक्रम संचालनका मादण्डहरु</u>

**क) मुल्य श्रृंख्लामा आधारित व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रमको लागिः**

१. लिची, केराको लागीः

- कृषक/कृषि उद्यमिको हकमा न्यूनतम १ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेती गर्न ईच्छुक वा गरिरहेका पुरानो बगैंचाको स्तरोन्नति वा व्यवस्थापन ।
- कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम १० बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेती गर्न ईच्छुक ।

२. अन्य फलफूलको हकमा न्यूनतम १ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेती गर्न ईच्छुक ।

**ख) मुल्य श्रृंख्लामा आधारित व्यवसायिक आँप खेती प्रवर्द्धन कार्यक्रमको लागिः**

- कृषक/कृषि उद्यमिको हकमा न्यूनतम १ बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेती गर्न ईच्छुक वा गरिरहेका पुरानो बगैंचाको स्तरोन्नति वा व्यवस्थापन ।
- कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम १० बिघा क्षेत्रफलमा व्यवसायिक रुपमा फलफूल खेती गर्न ईच्छुक ।

<u>आवश्यक कागजपत्रहरु:</u>

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरुले मापदणड अनुसार जग्गाको लालपुर्जा र मालपोत तिरेको रसिदको प्रतिलीपी तथा लिजमा लिएको जग्गाको जग्गा धनि पूर्जा, मालपोत तिरेको रसिद र करारनामा/मन्जुरनामा पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्ने ।
३. सम्वन्धित वडा कार्यालय वा स्थानिय तहमा रहेको कृषि बिकास शाखाको सिफारीश पत्र पेश गर्नु पर्ने ।
४. कृषकको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपी र कृषि सहकारी/कृषि समूहको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपी ।
५. आवेदक कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण पत्र, २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी र आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणी समितिको निर्णयको स्वंयम प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
६. कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।

<u>अनुदानका शर्तहरुः</u>

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८२/८३
च.नं.

१) उपरोक्त २ वटै मुल्य श्रृंखलामा आधारित व्यवसायिक फलफूल र आँप खेती प्रवर्द्धन कार्यक्रमको लागिः

कृषक/कृषक समुह/कृषि सहकारी/उद्यमीको हकमा तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क", "ख" र "ग" तिनवटैमा आवेदन दिन सक्ने छन् ।

क. उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम अन्तर्गतः

- कृषि उत्पादन सामाग्रीहरु (बेर्ना, कृषि चुन, बोर्डेक्स, फेरोमोन पासो)
- स्वचालित यन्त्र उपकरणहरु
- ट्रेनिङ्ग प्रुनिङ्ग सम्वद्ध यन्त्र उपकरणहरु, पावर स्प्रेयर
- साना सिंचाई व्यवस्थापन
- तालिम तथा क्षमता अभिवृद्धि ।

ख. उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रम अन्तर्गतः

- हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन उत्पादनोपरान्त प्रविधि तथा पूर्वाधार निर्माण ।

ग. बजार प्रवर्द्धन कार्यक्रम अन्तर्गतः

- ढुवानीको साधन
- संकलन/भण्डारण केन्द्र, कोल्ड च्याम्बर निर्माण,
- वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट

२. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत २ वर्षमा अनुदान नलिएको/झुटा विवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमिततामा नपरेको/कार्यालयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।

३. गत विगत वर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको, वढी लागत सहभागिता भएको कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि उद्यमीहरुलाई प्राथमिक्ता दिईनेछ ।

४. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ ।

५. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ ।

६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. विशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१, र मो.न.९८५२८३७४६५ मा सम्पर्क गर्न सकिन्छ।

..................
कृषि ज्ञान केन्द्र, सिरहा

**नरेन्द्र कुमार महासेठ**
**प्रमुख**
**दशौं तह**